# प्रदेश सभा

## गण्डकी प्रदेश
## पाँचौं अधिवेशन
## (छैटौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७६/१०/१२ गते, अपरान्ह १:०० बजे ।

प्रदेश सभा, गण्डकी प्रदेशको दोस्रो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर १३ मिनेटमा प्रारम्भ भयो।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु आजको बठक कारबाही प्रारम्भ हुन्छ । सर्वप्रथम जिल्ला प्रहरी कार्यालय प्राप्त मिति २०७६/१०/९ च नं ७३१८ को पत्र अनुसार गण्डकी प्रदेश मनाङ जिल्ला निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित प्रदेश सभा सदस्य मनानीय श्री राजीव गुरुङ सार्वजनिक हित स्वास्थ्य, सुरक्षा, सुबिधा तथा नैतिकता बिरुद्धको कसुर मुद्धामा निज प्रतिवादी बिरुद्ध जिल्ला प्रशासन कार्यालय कास्की बात मिति २०७६/ १०/ ९ गते पक्राउ अनुमती पत्र प्राप्त भै सोही दिन मिति २०७६/१०/९ गते जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको ब्यहोरा नेपालको संविधानको धारा १८७ को उपधारा (६) को बाक्याङ्‍श बमोजिम जानकारी प्राप्त हुन आएकोले गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ नियम २०५ को उपनियम (१) बमोजिम जानकारी गराउँछु । माननीय सदस्यहरु अब शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहानु हुने माननीय सदस्यहरुका लागि १ मिनेटको समय निर्धरण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु । माननीय मिना गुरुङ कास्की ।

## माननीय मिना गुरुङ

मननीय सभामुख ज्यू, लाभपुर्ण जो सहुलियत कर्जाहरुको कुरा गर्दा अफठ्यारा वर्गहरुले जुन सहुलियतपुर्ण कर्जा पाउनु पर्ने त्यसमा ज्यादैनै त्यो अफ्टयारो परिस्थिती सृजना भैरहेको छ । गर्छु भन्नेलाई कर्जा छैन, गर्दिन भन्नेलाई जवरजस्ती बैंकहरुको अन् उत्पादक लगानी बढ्दो भैरहेको छ । तल्लो तहसम्म बित्तिय पहुँच पुर्याउन एकदमै असहज भैरहेको छ । उद्योग, ब्यापार बिस्तारका लागि आवश्यकता अनुसार बिभिन्न शिर्षकमा कर्जा प्रदान गर्ने भनिएता पनि सो सहुलियत कर्जा लाभ ग्राहीहरुले सहज ढङ्गले प्राप्त गर्न नसक्दा हामीले आर्थिक रुपान्तरण गर्छौ भनिरहने जो नारा छ, त्यो सफलिभुत हुन्छ जस्तो मलाई लाग्दैन । त्यसैले गर्दा अहिले उद्यमशिलतामा लागेका महिला तथा त्यो सम्पुर्ण नागरीकहरुको ध्यानलाई, त्यो बिषयलाई मध्यनजर गर्दै यो अहिले हाम्रो प्रदेश सरकारले यो सहुलियत पुर्ण कर्जाको बिषय बस्तुलाई अलि बढी ध्यानपूर्वक यता तिर यो के कस्तो स्थितिमा छ यो सरकारको ध्यान पुगोस् भन्ने म अनुरोध गर्न चाहान्छु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु शून्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यँही समाप्त हुन्छ । माननीय सदस्यहरु अब बिशेष समय प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नु हुन आनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री दिपक कोइराला, समय ७ मिनेट

## माननीय दिपक कोइराला

माननीय सभामुख महोदय, मानिस जन्मन्छ र जन्मपछि मानिसको मृत्यु हुन्छ भन्ने शास्वत् सत्य छ । त्यो स्वभाविक प्रकृया पनि हो । तर समाज, सरकार हामीले हाम्रा असावधानीका कारण हुने मृत्युहरु त्यति स्वभाविक हुदैनन् । यस्ता धेरै असावधानीका कारण धेरै भन्दा धेरै मानिसहरुले ज्यान जोखिममा परिरहेको र मृत्युवरण गर्नु परेका धेरै धटनाहरु हाम्रो बिचमा हामी सबैले त्यस्ता समाचारहरु पढिरहेकै छौं सुनिरहेकै छौं । हामी आफैले पनि त्यस्ता कुराहरु भोगिरहेकै छौं । यस्ता धेरै घटनाक्रमहरु छन् ।

तर ति धेरै घटनाक्रम मध्ये मैले आज उठाउन खोजेको एउटा बिषय हो । पोखरामा, कास्की जिल्लामा झण्डै २०७४ असोज देखि ७६ पौष महिना २० बर्ष ३ महिनाको अवधिमा झण्डै १८ जना मानिसहरु नहर र कुलोमा खसेर मृत्यु भएको रहेछ । बाटोमा हिडिरहेको बेला तार चुँडिएर मोटर साईकलमा हिडिरहेका शिक्षक बिष्णु बास्ताकोटीको मृत्यु देखि लिएर नहरमा खसेर मृत्यु हुनेहरुको सङ्ख्या या यस्ता असावधानीका कारण हाम्रो सहरीकरणको कारणले मृत्युवरण गर्नु पर्ने धेरै सन्दर्भहरु हाम्रा बीचमा देखा परिरहेका छन् । तै पनि मैले अहिले आज उठाउन खोजेको कुरा के हो भने गएको यो २ वर्षमा हाम्रा कुलाहरु, नहरहरु जसरी ओपनरुपमा बगिरहेका छन् । त्यहाँ बगेर, चिप्लिएर बाटो प्रयोग गर्दा हिड्दा लडेर मर्नेहरु सङ्ख्या झण्डै १८ पुगेको देखिन्छ । यो १८ को सङ्ख्या प्रहरीकोमा रिपोर्ट हुन आएको सङ्ख्या मात्रै हो । यो बाहेक पनि धेरै त्यस्ता सङ्ख्याहरु होलान् भन्ने म ठान्दछु । सङ्गितकार श्रीमान् थुलुङ राईको झण्डै एकवर्ष अगाडि पोखरा १२ शितल देविमा नहरमा खसेर मृत्यु भयो । पोखरा २७ फरानेफाँतमा २ वर्षका बालक प्रेम को नहरमा खसेर मृत्यु भयो । पोखरा २६ घैंटेखोरमा ४ बर्षिको बालक अजित गुरुङको पनि नहरमा खसेर मृत्यु भयो । २ वर्षे बालक सुवास परियारको पनि पोखरा १४ मा नहरमा खसेर नै मृत्यु भयो । पोखरा २७ रिठेपानीमा पनि नहरमा डुबेर ६५ वर्षका टिकामाया कुमालको मृत्यु भयो । यसरी हेर्दा हामीले निर्माण गरेका विकास निर्माणका कामहरुले या हामीले नै सृजना गरेका भौतिक परिवेशहरुका कारणले मृत्यु वरण गर्नु पर्ने अवस्था त्यति सुखदायी हुन त मृत्यु वरण गर्नु सुखदायी कुरा होइन । तै पनि यस्तो कुरा अझै दुखदायी अवस्था देखा पर्दछ । त्यसकारण निर्माण गर्ने हाम्रा विकास निर्माणका आयोजनाहरु, हामीले निर्माण गरेका नहर कुलाहरु कतै मानव निर्मित धरापहरु त भैरहेका छैनन् भन्ने एउटा गम्भीर प्रश्न अहिले मेरो दिमाखमा खेलिरहेको छ । हामीले लामो समय देखि प्रयोग गर्दै आएका यस्ता कुला नहरहरु जो हामीले सहरी क्षेत्रमा त्यसलाई खुल्ला रुपमा छोड्दा खेरी यस्ता घटनाहरु र बिशेष गरी बालबालिकाहरु धेरै धटनामा परेको देखा पर्यो । आज हामी बालमैत्री विकास निर्माणको कुरा पनि गरीरहेका छौं । या हरेक क्षेत्रमा

हामीले उपयोग गर्ने या हामीले निर्माण गर्ने हाम्रा विकास निर्माणहरु हामीले उपयोग गर्ने हाम्रा संरचनाहरुले कतै हामीलाई नै हाम्रै मृत्यु कुरेर बसिरहेको त छैन ? भन्ने गम्भीर प्रश्न खडा भएको छ। त्यसकारण म यो कुरा गम्भीरता पूर्वक यो सदन मार्फत माननीय सभामुख मार्फत सम्बन्धित पक्ष या सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । बाटोमा हिडिरहेको बेला तार चुँडिएर शिक्षकको मृयु हुन्छ । हामीले नै खडा गरेको विकास निर्माणको आयोजनाले हामीलाई नै मृत्यु कुरिरहेको भान हुन्छ । त्यसकारण यस्ता कुराहरुलाई बेलामा नै सचेतता पूर्वक यो कुराहरुलाई सरकारले बेलामा सचेतता पुर्वक आगामी विकास निर्माणका कामहरु निर्माण गर्दा त्यसलाई कसरी बालमैत्री बनाउन सकिन्छ ? या मानवमैंत्री बनाउन सकिन्छ ? या त्यो बाट दुरघटना कम भन्दा कम दुर्घटना घटाउन वा दुर्घटना हटाउन सकिन्छ भन्ने कुरामा पनि बिशेष पहल गर्नु पर्ने म देख्दछु र अहिले भैरहेका पोखरा महानागरपालिका भित्र भैरहेका यस्ता कुला नहरहरु जो खुल्ला रुपमा छन् । बाटोका नजिकै छन् र सचेतता पूर्वक बाटो प्रयोग गर्दा पनि त्यहाँ खसिने र मरिने डर छ । त्यसकारण यो कुरालाई प्रदेश सरकारले महानगरपालिकासँग मिलेर यि खुल्ला रहेका यस्ता नहर कुलाहरुलाई बन्द गरेर यो दुर्घटनाहरु घटाउने बिशेष ध्यान भन्ने म बिशेष आग्रह गर्न चाहान्छु र सभामुख महोदय मैले अर्को एउटा उदाहरण यहाँ किन राखेको हो भने हाम्रा बिजुलीका तारहरु सबै धराप भैरहेका छन् । हामी जहाँ हेर्छौं , जहाँ ट्रासमिटरहरु छन् । त्यसको वरिपरि या जहाँ बाट हामीले बिजुलीका तारहरु लैइरहेका छौं । त्यो सबै हेर्दा ती सबै जोखिमै जोखिममा छ । हामी एउटा समृद्धिको कुरा गरीरहेका छौं या हाम्रो स्मार्ट सिटीको कुरा गरीरहेका छौं तर त्यसले हामी आफैलाई जोखिममा पारिरहेको छ त्यसले । त्यसकारण यस्ता विकास निर्माणका आयोजनाहरु अगाडि बढाउँदा बिशेष ध्यान दिनु पर्ने आवश्यकता महसुश भएर मैले यो सदनमा बिशेष समयमा यो कुरा ध्यानाकर्षणको लागि राखेको हुँ, धन्यवाद ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्य श्री बिन्दु कुमार थापा । समय १५ मिनेट

## माननीय सदस्य बिन्दु कुमार थापा

माननीय सभामुख महोदय, यही २०७६ माघ ७ गते एन्फा कास्कीद्वारा आयोजित मुख्यमन्त्री कप फुटबल प्रतियोगिताको उद्घाटनको समयमा साविक लेखनाथ नगरपालिकाको भण्डारढिक खएल मैदानमा एन्फा कास्कीका अध्यक्ष मिलन गुरुङ माथी कार्यक्रमको मञ्च मै सार्वजनिक रुपमा गण्डकी प्रदेशका मानीय सदस्य राजिव गुरुङद्वारा गालि गलौच, अप शब्दको प्रयोग, मुक्का प्रहार र लात्ति लात्तिले हान्नेसम्मको काम भएको छ । मानीय राजिव गुरुङज्यूको जिकिर अभ्यास खेल मैदान पाउनु पर्ने, खेलाडीहरुलाई बस्ने, खाने ब्यवस्था आयोजकले दिनु पर्ने कुरा सान्दर्भिक हुन सक्छन् । तर कुराकानी बार्ता तथा संवादको र कानूनी राज्यमा कानूनी प्रकृयाको सम्भावनालाई लत्याउँदै सार्वजनिक स्थलमा अभद्र ब्यबाहार गर्नु, दुर्ब्यबहार तथा हातपात गर्नु स्वभावनीय कदापी हुन सक्दैन । यसको शिघ्रता शिघ्र जवाफ सभमुख मार्फत नेकपा संसदीय दलको तथा सरकारको जवाफ मेरो तथा मेरो पार्टी नेपाली कङ्ग्रेसको तर्फबाट माग्न चाहान्छु । हालकी फरक-फरक घटनाद्वारा आरोपित दुबै जना हाल प्रहरी कसुर कस्टडीमा रहेको अवस्था छ । प्रमुख अथिति माननीय मुख्यमन्त्रीज्यू रहेको उक्त कार्यक्रम फुटवल खेलको भन्दा पनि प्रदेशको माननीय जस्तो ब्यात्ति जसले नीति, नियम, कानून बनाउने गर्छ, जो रक्षक उहि भक्षक भने जस्तै यस हातपातको घटनाको प्रश्रय मिडियाले पायो । यो घटना गण्डकी प्रदेशको लागि र यस सम्मानित सदनको घोर अपमान हो । यसले सदनको गरीमालाई ठेस पुराएको छ । यसले हामी सबैको शिर निचो गराएको छ । माननीय सभामुख ज्यू, नेपाल कम्युनिष्ट पार्टी को ११ बुँदे आचार संहिता सार्वजनिक भएकै समयमा यस्ता कृयाकलाप सत्तापक्षकै सांसदबाट आउनु दुखद् हो । हुन त आचारसंहिताको ११ ओटै बुँदा मैले पनि दोह्रोई, तेह्राई पढे । त्यसमा मुक्का हान्न र लात हान्न नपाउने भनेर नलेखेको कारणले नै होला । माननीयज्यूले यत्रो मर्यादित पदमा रहेको समयमा त्यत्रो ठुलो अक्षम्य कृयाकलाप गर्न आँट आएको । हामी उहाँको बिगतको इतिहाँस कोट्याउन चाहाँदैनौ । तर राजनीतिमा अप्राधिकरणको प्रवेश हुनु कदापी हुन्न भन्ने मात्रै हाम्रो जिकिर हो । अत सभामुख महोदय, म सभामुख मार्फत

प्रदेश सरकारको ध्यान आकृष्ट गर्न चाहान्छु। निष्पक्ष छानविन हुनु पर्छ , चाहे त्यो सत्तापक्षको होस्, वा प्रतिपक्षको ब्याक्ति होस् । हामी कोही पनि कानून भन्दा माथी हुनै सक्दैनौ । छानविन पश्चात दोषी उपर हदैसम्मको कारबाही हुनु पर्छ । ढाकछोप गर्न, मुद्धालाई फितलो गराउन पाईंदैन । र अब आईन्दा त्यस्ता घृणित कृयाकलाप हुन नदिन पनि सरकारलाई जोडदार अनुरोध गर्दछु । अर्को कुरा मननीय ज्यूले एन्फा कास्कीमा ब्यापक आर्थिक अनियमितता प्रश्न पनि उठाउनु भएको छ । त्यस उपर पनि सत्य तथ्य के हो? छानविनको माग गर्न चाहान्छु । हामीले आज सुनेका छौं । प्रदेश सरकारले ४० लाख रुपैंया दिएर मुख्य मन्त्री कप नामकरण गरीएको छ । हामी २/४ लाख को जायज योजना माग राख्दा फरक पार्टीको सांसद भएकोले नपाउने तर मन्त्रीहरु हरेक कार्यक्रममा गएर मनलाग्दी राज्यको ढुकुटी आफ्ना कार्यकर्ता तथा मान्छेलाई पोस्ने काम पनि भएको ब्यापक रुपमा देखिन्छ । आवश्यकताको आधारमा भन्दा पनि सरकारी कोषको दुरुपयोग मन्त्रीज्यूहरुबाट कार्यक्रम जाने र आर्थिक सहयोग बोल्ने परिपाटीले राज्यको ढुकुटी रित्याउने तर्फ उन्मुख हुन गैराखेको तर्फ पनि म र मेरो पार्टी सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकृष्ट गर्न चाहान्छ । र राज्यकोषको ब्यापक दुरुपयोग सवालमा म सँगसँगै प्रदेश सार्वजनिक लेखा समितिको ध्यान जाओस् भन्न चाहान्छु । दोश्रो कुरा माननीय सभामुखज्यू, पोखरा महानगरपालिका वडा नं ३१ र रुपा गाउँपालिकाको केही जग्गा अहिले मुआब्जा बिवादमा तानिएको छ। रुपा ताल संरक्षण तथा एकिकृत विकास परियोजनाले पहिला सात सय रोपनी र अहिले चौध सय रोपनी जग्गा गरी करिब एक्काईस सय रोपनी अधिकरण गर्न लागेको छ। २०६५ सालबाटै रोक्का उक्त जग्गाहरु सबै खेति योग्य, उर्वर भूमि हुन् । जहाँ दुई सय पचास घर परिवारको जग्गाहरु पर्दछ । लेखनाथको तालचोक मा अवस्थित रुपाताल विकास परियोजनाको कार्यालयबाट प्रतिरोपनी बाह्र लाख पचास हजार र बाह्र लाख तिरान्नब्बे हजार गरी २ ओटा दर रेट कायम गरी मु आब्जा बुझ्न आउन आह्वान गरी रहँदा त्यहाँका कृषक तथा मोहीहरुले उक्त मुआब्जा ज्यादै न्यून भयो । कमसकम प्रति रोपनी ३५ लाख कायम गर्नु पर्छ भन्दै मुआब्जा सङ्घर्ष समिति अजिम्बर

अक्स मियाको नेतृत्वमा गठन भएर सङ्घर्षका कार्यक्रमहरु अगाडि बढेका छन् । सभामुख महोदय, संघर्ष समितिको २०७६/६/९ मा सम्माननीय प्रधानमन्त्री समक्ष कास्की जिल्ला प्रशासन कार्यालय रुपालात संरक्षण तथा एकीकृत विकास परियोजनाको कार्यालय तालचोक लगायतका ठाउँमा तोकिएको मुआब्जामा पुनःर्बिचार गर्नका लागि भनेर निवेदन दिई सकिएको परिपेक्षमा सरकारले पनि अब मुआब्जा दिँदा उनिहरुको जीवनस्तर उठ्नु पर्छ भन्ने कुरामा परियोजना स्थानीयलाई अनुकूल भएसम्म रोजगारीमा प्रथामिकता दिनु पर्छ भन्ने सवालमा कन्जुसाईं गर्नु हुँदैन । तव मात्र हरेक परियोजनामा स्थानीयहरुको पनि सहयोग र सपोर्ट रहन्छ अनि परियोजनाहरु पनि सफल हुने छन् । अत सभामुख महोदय, उक्त परियोजनाका मुआब्जा पिडित किसान र मोहीहरुको माग बमोजिम प्रति रोपननी पैंतिस लाख कायम गराई जनताहरुलाई खुशि राजीका साथ जग्गा दिने वातावरण सृजना गर्न म सभामुख मार्फत प्रदेश सरकारसँग जोडदार माग गर्दछौं, धन्यवाद जय नेपाल ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्य श्री पियारी थापा, समय ५ मिनेट ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७६/७७ साथै सरकारले बजेटले धुम मच्चाउँछ भनेको आज छ महिना भै सक्यो । तर बजेट खर्च हेर्दा मलाई धुम मच्चाउने कुरामा पत्यार लागेन । तसर्थ आजको बिशेष समयमा यो बिषय उठान गर्ने अनुमति चाहान्छु । चौबिस अर्ब दुई करोड तेत्तिस लाख बजेट मध्ये १५ अर्ब ९० करोड ७८ लाख पुँजीगत खर्च हो भने ६ अर्ब ९१ करोड ५३ लाख चालु तर्फको खर्च हो । र यसलाई हेर्दा खेरि यो बजेटको खर्च अहिले जम्मा पुस मसान्तसम्मको बजेट खर्च हेर्दा खेरि जम्मा १५% खर्च भएको छ । सरसरती हेर्दा मन्त्रालयगत कार्य प्रगती पनि मैले यहाँ राख्न चाहान्छु । पुस मसान्त सम्ममा अत्यन्तै कम बजेट खर्च भएको छ । अत्यन्तै धेरै बजेट भौतिक तथा पूर्वाधार मन्त्रालयको जम्मा उन्नाईस प्रतिशत, कृषि मन्त्रालय पन्ध्र प्रतिशत, पर्यटनको २.४३ प्रतिशत र सामाजिक विकास मन्त्रालयको

३.७७ प्रतिशत खर्च भएको छ । आज सम्म बजेट खर्च कार्यान्वयनलाई हेर्दा अत्यन्तै कमजोर रहेको खर्च प्रणालीबाट जनताले समृद्धिको महत्वकांक्षालाई कसरी बुझ्ने ? सभामुख महोदय, यो कछुवाको गतिले के गण्डकी प्रदेशले विकासको निकास पाउँछ त? यसरी हेर्दा गण्डकी प्रदेश सरकार आव २०७६/७७ प्रदेशबासीहरुका लागि लङ्कामा सुन छ कान मेरो बुच्चै जस्तो भएको छ । विनियोजन बजेट आज जनता सामु जान सकेको छैन । यस्तो हिसाबले हेर्दा अहिले खर्च गर्ने प्रकृया असारको भेलमा बग्ने प्राय निश्चित छ । तसर्थ यसलाई क्रम भङ्गता गर्ने तर्फ अग्रसर बन्नका निमित्त प्रदेश सरकारको मुख्य ध्यानाकर्षण गराउन चाहान्छु, धन्यवाद।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री हरिशरण आचार्य, समय ५ मिनेट ।

## माननीय हरिशरण आचार्य

माननीय सभामुखज्यू, यही माघ ७ गते पोखराको लेखनाथमा रहेको भण्डारीढिकमा नेपालमा एउटा अचम्मको खेल खेल्न पुगिन्छ । जहाँ हामीले जहिले पनि बच्चै देखि खेल्ने गरेको कसैले खुट्टाले खुट्टाले खेलिन्छ भने त्यो फुटबल भनिन्थ्यो । तर आज भण्डारीढिकमा त्यो खेल मैदानमा मान्छेले एउटा मान्छेले अर्को मान्छेलाई लात्ति हान्छ। अनि त्यो कस्तो खेल हुन्छ ? मलाई अचम्म लाग्छ । अनि हामी जनताका प्रतिनिधि हामी जनताका प्रतिनिधिहरु जो जनताको एउटा भावना, जनताको माग, जनताको भावनालाई मुखरित गर्ने योजनाका साथ त्यो नीति सिद्धान्त तर त्यसको आधारमा हामी नीति कानून बनाउने, एउटा योजना बनाउने भावनाका साथ हामी जनताबाट निर्वाचित हुन्छौं । आज त्यो जनताबाट निर्वाचित हुने मान्छेले नैतिक एउटा मुल्य मान्यता र एउटा आदर्शलाई पालना गर्नु पर्छ कि पर्दैन ? आज त्यो माघ सात गतेको त्यो घटना जहाँ माननी यमुख्यमन्त्रीज्यू आफै त्यो कार्यक्रमको प्रमुख अथिती हुनुहुन्छ अनि त्यही कार्यक्रममा हाम्रो प्रदेश सभाका माननीय राजिव गुरुङज्यू त्यही कार्यक्रममा अथिति एउटा आसन ग्रहणको रुपमा जाँदै गर्दा उहाँले आयोजकका मिलन गुरुङलाई कठालामा समातेर अनि फुटबल खेल्दा खेरी त्यो मानवीय संस्कार जनताले दिएको त्यो संस्कार

त्यही थियो । साच्चै आज त्यही थियो भने नेपाली जनताले अब जनताको प्रतिनिधि कसलाई भन्ने अनि हामी हाम्रो नैतिक मूल्य मान्यता हाम्रो आदर्श यो सभामा हामीले कसरी कायम गर्न सकिन्छ आज मलाई अत्यन्तै दुखको क्षण मैले त्यो अनुभूत गरीराखेको छु । त्यसैले मलाई लाग्छ हामीले साच्चै एउटा नैतिक मूल्यमान्यता र आदर्शलाई हामीले कायम गर्ने हो भने म सभामुखज्यूको ध्यानाकर्षण गर्न चाहान्छु र सभालाई औपचारिक रुपमा जानाकरी होस् कि उहाँले त्यो गरेको जुन ढङ्गले उहाँले अमर्यादित जुन एउटा पदमा रहेर मर्यादित एउटा आफ्नो एउटा जनप्रतिनिधि हैसियतमा रहेर उहाँले जुन ढङ्गले अमर्यादित ब्यबाहार जुन गर्नु भो वास्तबमा त्यो नेपाल एउटा संविधान विपरित छ ,नेपालको कनून बिपरित छ । र न्युनतम सामाजिक मुल्य मान्यता आर्दर्श बिपरित छ । त्यसैले उहाँले नैतिक रुपमा जनताको जनप्रतिनिधि हुन पाउने कि नपाउने? यो कुरा सदनलाई जानकारी होस्, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ। मानीय सदस्यहरु अब म माननीय उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री श्री विकास लम्साललाई मिति २०७६ साल माघ ७ गते सभामा प्रस्तुत भएको गण्डकी प्रदेश बिज्ञान तथा प्रबिधि प्रतिष्ठानको स्थापना, संचालन गर्न बनेको विधेयक माथी बिचार गरीयोस् भन्ने प्रस्ताव गर्न अनुमति दिन्छु ।

## माननीय कुमार खड्का

मेरो नियमापत्ती छ सभामुखज्यू, म बोलौ ? प्रदेश सभाको नियमावलीको नियम ५७ उपनियम (२)ले के भन्छ भन्दा सभामा माननीय सदस्य ज्यूहरुले शुन्य समयमा र बिशेष समयमा उठाउनु भएका कुराहरुको जवाफ सम्बन्धित मन्त्रीले सात दिन भित्र दिनु पर्दछ । भनेर बाध्यकारी ब्यवस्था गरेको छ । धेरै पटक नियमपत्ति किन गर्ने भनेर बसिरहेको कार्यब्यवस्थ परामर्श समितिको सदस्य भएका कारणले पनि त्यहाँ सत्तापक्षको प्रमुख सचेतकले मन्त्रीज्यूहरुलाई अनुनय बिनय गरेर बोल्न लागाईरहेको स्थितिको हामी प्रत्यक्ष दर्शी छौं । सरकारले सदनलाई सदनप्रतिको आफ्नो जिम्मेवारी

निर्वाह नगरेको, सदनप्रति गम्भीर नभएको र सदनको अपहेलना गरीरहेको स्थितिमा माघ ५ गते थुप्रै मन्त्रालयका बारेमा माननीय सदस्य ज्यूहरुले उठाउनु भएका प्रश्नको जवाफ नियम ५७ को उपनियम (२) अनुसार माननीय मन्त्री ज्यूहरुले नदिरहँदा सम्म यो सदनको कारबाही अगाडि बढ्न सक्दैन । मननीय सभामुख महोदय, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु अब २ जना मन्त्री त उपस्थित हुनुहुन्छ । तर जसको बारेमा कुरा उठेको छ, उहाँ मन्त्री उपस्थित नभएको कारणले आज नराख्नु भएको होला । यो कारणले अब अली समस्या त्यो पर्यो भन्ने मैले बुझेको । हामीले १२ गते मन्त्रीहरु बोल्नु पर्छ फेरि रुलिङ गर्न नपरोस् भनेर हामीले कडाई पूर्वकमा नै हामी त्यो कार्यब्यवस्थामा गरेका थियौं । अब आगामी दिनमा म सबै मानीयहरुलाई के भन्न चहान्छु भने सात दिनको जो हाम्रो नियमावली छ । हाम्रो नियम छ त्यसलाई कडाई पूर्वक कार्यन्वयन गर्नको लागि म रुलिङ गर्न चाहान्छु । आज अब सम्बन्धित मन्त्री उपस्थित नभैइसकेको कारणले अब यो सभा अगाडि बढाईएको हो भन्ने कुरा माननीयलाई राख्न चाहान्छु । माननीय सदस्य अब म मननीय उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री श्री विकास लम्साललाई मिति २०७६ साल माघ ७ गते सभमा माननीय सभामुख नेत्रनाथ अधिकारी माननीय सदस्यहरु अब २ जना मन्त्री त उपस्थित हुनुहुन्छ। तर जसको बारेमा कुरा उठेको छ, उहाँ मन्त्री उपस्थित नभएको कारणले आज नराख्नु भएको होला । यो कारणले अब अली समस्या त्यो पर्यो भन्ने मैले बुझेको । हामीले १२ गते मन्त्रीहरु बोल्नु पर्छ फेरि रुलिङ गर्न नपरोस् भनेर हामीले कडाई पूर्वकमा नै हामी त्यो कार्यब्यवस्थामा गरेका थियौं । अब आगामी दिनमा म सबै मानीयहरुलाई के भन्न चहान्छु भने सात दिनको जो हाम्रो नियमावली छ । हाम्रो नियम छ त्यसलाई कडाईपूर्वक कार्यान्वयन गर्नको लागि म रुलिङ गर्न चाहान्छु । आज अब सम्बन्धित मन्त्री उपस्थित नभैसकेको कारणले अब यो सभा अगाडि बढाईएको हो भन्ने कुरा माननीयलाई राख्न चाहान्छु । माननीय सदस्य अब म मननीय उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री श्री विकास लम्साललाई मिति २०७६ साल माघ ७ गते सभमा

प्रस्तुत भएको गण्डकी प्रदेश बिज्ञान तथ प्रबिधि प्रतिष्ठानको स्थापना, संचालन गर्न बनेको विधेयक माथी बिचार गरीयोस भन्ने प्रस्ताव गर्न अनुमति दिन्छु ।

**माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्साल**

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल माघ ७ गते प्रस्तुत भएको गण्डकी बिज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक प्रदेश सभा नियामवाली २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम विधेयक माथी बिचार गरीयोस् । भनी प्रस्ताव प्रस्तुत गर्दछु, धन्यवाद ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

अब म उक्त प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छभन्नु होला र यसको बिपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ न्नु होस् । यसको बिपक्षमा हुने माननीय सदस्यहरुले हुन्नभन्नु होस् । हुन्नभन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेश बिज्ञान तथ प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक माथी बिचार गरीयोस् भन्ने प्रस्ताव सर्बसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब गण्डकी प्रदेश बिज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न विधेयक माथीको सामान्य छलफल प्रारम्भ हुन्छ । यस छलफलमा विधेयक को सैद्धान्तिक पक्षमा मात्र छलफल हुने ब्यहोरा अनुरोध गर्दछु। छलफलमा भाग लिने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय दिपक कोइराला**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश बिज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक माथी हामी सैद्धान्तिक छलफलमा छौं । सभामुख महोदय, आजको युग बिज्ञान र प्रविधिको युग हो । मानिसले परापुर्वकाल देखि नै बिज्ञान र प्रविधिको प्रयोग गर्दै आएको पाइन्छ । बिज्ञान तथा प्रविधि लाई आजको एक्काइसौं

शताब्दीमा देश र समाजको विकास र समृद्धिको मेरुदण्ड नै मानिन्छ । यसको विकास बिना कुनै पनि राष्ट्रको प्रगतिलाई तीब्र पार्न सकिदैन । अझ आजको दिनमा विश्व नै बिज्ञान र प्रविधिको प्रतिस्पर्धाको होडमा अघि बढिरहेको महसुश हुन्छ । अझ ठोस् रुपमा भन्ने भने त्यो राष्ट्रको समृद्धिको आधार मापन गर्ने मापक नै बनिसकेको छ बिज्ञान, प्रबिधि । बिज्ञानले प्रविधिको विकासमा मद्दत पुर्याउछ भने, स्तरिय प्रविधिले बिज्ञान, बैज्ञानिक शिक्षालाई स्तरिय बनाउँदछ । भनिन्छ बिज्ञान रुख हो भने प्रविधि त्यसमा फल्ने फल । त्यसैले देशमा बिज्ञानको विकास भयो भने मात्र देश भित्र आवश्यक माटो सुहाउँदो आवश्यक प्रविधिको विकास गर्न सकिन्छ । बिज्ञान र प्रविधिको विकासले विश्वभरि मानिसको जीवन शैलीमा आमुल परिवर्तन ल्याएको देखिन्छ। विश्वका आजका शक्तिशाली राष्ट्रहरु अमेरिका, चिन, रुस, लगायतका राष्ट्रहरुलाई नै हेर्यौं भने पनि आजको दिनमा उनिहरु जहाँ छन् त्यो बिज्ञान र प्रविधिको प्रयोगबाट नै सम्भव भएको हो भन्ने कुरा हामी सबैले बुझ्न सक्दछौं । सभामुख महोदय, कुनै बिषय वा बस्तुको प्रयोग र अवलोकनमा आधारित क्रमिक अध्ययन ज्ञानलाई नै बिज्ञान भनिन्छ। बिज्ञान एक ब्यवस्थित ज्ञान हो जसले ब्रमाण्डका बारेमा परीक्षण योग्य ब्याख्या र भविष्यको समेत पूर्व अनुमान गर्न सक्दछ । बिज्ञान हाम्रो जीवनको हरेक पक्ष हो भन्दा अदियुक्ति नहोला । सत्यको खोजी नै बिज्ञानको प्रमुख पक्ष हो । बिज्ञानले असाधारण कुरालाई पनि सम्भव तुल्याउँछ । वास्तबमा भन्नु पर्दा बिज्ञान शब्दको उपयोग प्रायः सधै प्राकृतिक बिज्ञानहरुको निम्ति गरीन्छ । यसमा भौतिक शास्त्र, रसायान शास्त्र, जीव बिज्ञान पनि पर्दछन् । प्रकृति र बिज्ञानको गहिरो सम्बन्ध छ । बिज्ञानले पहिला प्रश्न गर्छ किन, कसरी त्यसको त्यसपछि त्यसको उत्तरको खोजी गर्दछ । परिकल्पना गर्दछ। अनुसन्धानको सुरु गर्दछ र प्रश्नहरुको सहज उत्तर खोज्दछ । बिज्ञानको सैद्धान्तिक र प्रयोगात्मक ज्ञानलाई ब्यबहारमा उतार्न सकियो भने मात्रै आजको समाजलाई सुन्दर बनाउन सकिन्छ । समृद्धि तिर अगाडि बढ्न सकिन्छ । आज हामीले समृद्धिको कुरा गरीरहेका छौं । त्यो बिज्ञान र प्रविधिको समुचित संयोग बिना त्यसको प्रयोग बिना सम्भव छैन । समाजमा रहेका मानव जातीको

विकासमा त्यसलाई बिज्ञान र प्रविधिलाई जति धेरै उपयोग गर्न सकियो त्यसले मानवजातिको  विकासमा पनि त्यति नै महत्वपुर्ण योगदान पुर्याउन सक्दछ । सभामुख महोदय, भनिन्छ बिज्ञान एउटा अतृप्त आत्मा हो । मान्छे तृप्त भएको भएको भए नयाँ-नयाँ आविष्कारहरु हुने थिएन । थिएनन् होला सायद । प्रकृति भनेको अतृप्त मनहरुले, प्रविधि भनेको अतृप्त मनहरुले उब्जाएको आविष्कारहरु हुन् । प्रविधि ब्यबहारिक तथा औद्योगिक कलाहरु र आवश्यक बिज्ञान सहित सम्बन्धित अध्ययन तथा बिज्ञानको समुह हो । आदिम कालदेखि नै मानिसहरुले प्रविधिहरु नयाँ-नयाँ प्रविधिहरु आफ्नो समय सापेक्ष रुपमा प्रविधिहरुको प्रयोग गर्दै गरेको पाईन्छ । हामीले हेर्यौं भने प्रविधिहरुको प्रयोगलाई हामीले आदिम कालदेखि हेर्यौं भने सामान्य रुपमा प्रयोग भएका औजार देखि लिएर आज आधुनिक युगसम्म आईपुग्दा हामीले बिज्ञान र प्रविधिलाई समुचित प्रयोग गर्दै आएको पनि हामी देख्छौ । आधुनिक सभ्यतालाई विकास गरी आजको समाज निर्माण गर्न प्रविधिको सबै भन्दा महत्वपुर्ण भूमिका देखिन्छ । जुन देशमा प्रविधि प्रविधिको हिसाबले शक्तिशाली छ उनिहरु नै आज सामरिक रुपमा र आर्थिक रुपले सक्षम र शक्तिशाली मानिन्छन् । जुन देश प्रविधिको हिसाबले अगाडि छैन या बिज्ञान र प्रविधिलाई त्यसले आत्मसाथ गर्दैनन् ति देशहरु नै अविकसित रुपमा अगाडि बढिरहेको हामी देख्दछौं । आजको युग भनेको प्रविधिको युग हो । समय अनुकुल प्रविधिको विकास र प्रयोग गर्ने देशहरुले नै शैक्षिक लगायत, आर्थिक, समाजिक क्षेत्रमा प्रगति गर्नका साथ साथै समृद्धि तिर अघि बढिरहेका छन् । ती देशहरुका नागरीकहरुको जीवनशैली निकै राम्रो र आर्थिक रुपमा सक्षम देखिन्छ । त्यसकारण ब्यवस्थापकिय प्रणालीमा सुधार ल्याउन, सक्षम तथा दक्ष जनशक्ति उत्पादन गर्न, सूचना र संचारमा प्रविधिमा पहुँच पुर्याउन, विकसित देशहरु सँग प्रतिस्पर्धा गर्न पनि प्रविधिको उपयोग अनिवार्य बन्न पुगेको छ ।प्रविधि मैत्री विकास नै आजको वास्तविक विकास हो भन्दा कुनै अतृप्ति नहोला । सभामुख महोदय, कुनै पनि देशको मुहार फेर्न, गरीबी निवारण गर्न अथवा हाम्रो राष्ट्रिय संकल्प समृद्ध नेपाल सुखी नेपाली अथवा हाम्रो प्रदेशको सङ्कल्प समृद्ध प्रदेश सुखी खुशी प्रदेशबासीको नारालाई सार्थक पार्न होस् या प्रदेशलाई उत्कृष्ट

प्रदेश बनाउने प्रतिस्पर्धा जे आज हामी गरीरहेका छौं भने त्यसलाई अगाडि बढाउनको लागि पनि बिज्ञान र प्रविधिको समुचित उपयोग हुन जरुरी छ । प्रदेशलाई उत्कृष्ट प्रदेश बनाउने मात्रै होइन, हाम्रा नागरीकहरुको प्रतिब्याक्ती आयमा बृद्धि गर्ने अथवा प्रदेशवासीको जीवनशैली परिवर्तन गर्ने उत्कृष्ट प्रदेशका नागरीक, उत्कृष्ट प्रदेशका धनी नगरीक बनाउने यस्ता धेरै जे पनि योजनाहरु हामीले बनाएका छौं भने ती बिज्ञान र प्रविधि बिना सम्भव छैन । त्यसकारण आजको दिनमा हामीले बिज्ञान र प्रविधिको विकास गर्नु अनिवार्य सर्त जस्तै बनेको छ । हाम्रो समाजका निमित्त, राष्ट्रका निमित्त र संसारका निमित्त । अझ यसो भनौ, प्रदेशको समृद्धिको आधारको रुपमा बिज्ञान र प्रविधि प्रदेशको समृद्धि जस्तो नारा नै बनाएर अगाडि बढ्नु पर्ने हो कि? भन्ने आवश्यकता पनि देखा पर्दछ । किन भने आज हरेक क्षेत्रमा प्रविधि, प्रविधि हरेक क्षेत्रमा छ । हामी यहाँ उभिरहेका छौं र माईकमा बोलिरहेका छौं । यो पनि एउटा प्रविधि हो । यसको विकासबाट मात्रै हामीले यसबाट प्राप्त गर्ने कुरा सम्भव भएको हो । त्यसकारण यस्ता धेरै प्रविधि छन् । म यो सम्मानित सभामा समक्ष ब्याख्या गर्न जरुरी ठान्दिन । त्यसकारण धेरै विकसित देशहरुमा त्यहाँ को सरकारले बिज्ञान र प्रविधिको क्षेत्रमा धेरै नै लगानी गरेको देखिन्छ । हामी यो क्षेत्रमा अलि कम लगानी गरीरहेका छौं । हाम्रो देश बिज्ञान र प्रविधिको क्षेत्रमा कम लगानी गर्दछ ।अनुसन्धानको क्षेत्रमा कम लगानी गर्दछ । त्यसकारण हामी हाम्रा योजनाहरु पनि बस्तुवादी बन्न सक्दैनन् । हामी योजना बनाउँछौं , समयामा सक्दैनौं । हामी योजना बनौंछौं बस्तुवादी बन्दैनन् । हामी सय बर्ष पुग्ने योजना बनाउँछौं तर हामीले दश वर्षपछि फेरि त्यो योजनालाई डिस्ट्रोवय गर्ने ठाउँमा पुग्छौं । किन पुग्छौ भने हामी बिज्ञान र प्रविधिको प्रयोग गरीरहेका छैनौ । त्यसकारण पनि बिज्ञान र प्रविधिले दिर्घकालसम्म गर्ने विकास निर्माणका आयोजना देखि लिएर हाम्रो आफ्नै जीवनशैली पनि आज फेरिएको छ । हामी आफैले पनि प्रयोग गर्ने धेरै प्रविधिका कुराहरु हेर्नु भयो भने बैज्ञानिक रुपमा आविष्कार भएका कुराहरुलाई हेर्नु भयो भने त्यसले हाम्रो जीवनमा सरलता पैदा गरेको छ । आज धेरै कुराहरु हामीले एउटै पकेटमा हिड्न सक्ने ठाउँ पुग्या छौं । त्यसकारण यस्ता युग बिज्ञान र

प्रविधिको क्षेत्रमा राज्यले, राष्ट्रले हाम्रा प्रदेश सरकारले महत्वपुर्ण रुपमा यसलाई बुझ्नु पर्दछ । भन्ने कुरा देखि त्यसैमा पनि हामीले बिज्ञान र प्रविधिको उच्चतम विकास, उपयोग गरेर प्रदेशको समग्र विकासका योजनाहरु अघि बढाउनु पर्ने आवश्यकता देखिन्छ । यस्तो यस सन्दर्भमा प्रदेश सरकारले बिज्ञान र प्रविधिको क्षेत्रमा ज्ञान, सिप र दक्षताको समुचित विकास गर्न, प्राकृतिक श्रोत र साधनहरुको दिगो रुपमा उपयोग गरी जनताको आर्थिक बृद्धिमा सहयोग गर्न, बैज्ञानिक संस्कार र अनुसन्धानमुखी शिक्षा प्रदान गर्न सहयोग गर्ने, विकास र सेवा प्रवाह गर्ने, विकास र सेवा प्रवाह सँग सम्बन्धित कार्यहरु बिज्ञान र प्रविधि सँग आवद्ध गर्ने उद्धेश्य राखेर ल्याईएको यस विधेयक समय सापेक्ष र सान्दर्भिक रहेको ठहर गर्दै यस विधेयकका यि सैद्धान्तिक पक्षहरु यहाँ यस सभा समक्ष म यो विधेयक माथी पूर्ण समर्थन ब्यक्त गर्दछु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री दोवाटे बिश्वकर्मालाई छलफलम भाग लिनलाई समय दिन्छु ।

## माननीय दोवाटे बिश्वकर्मा

सभामुख महोदय, गण्डकी प्रदेश बिज्ञान तथा प्राविधिक प्रतिष्ठान स्थापना र संचालन गर्न बनेको विधेयकको प्रस्तावना माथी हामी सैद्धान्तिक छलफलमा जुटेका छौं । वास्तबमा बिज्ञान प्राविधिक भनेको विकासको मुख्य आधार हो भन्ने लाग्छ । बिशेष गरेर जसले सिप, ज्ञान र बिज्ञान बढी दक्षता हासिल गर्न सक्यो त्यो राष्ट्रले नै अहिले विकासको उपभोग र उच्च आर्थिक लाभ प्राप्त गरेको हामीले ठानेका छौं । र देखेका छौं, बुझेका छौं। त्यसै सन्दर्भमा ज्ञान, बिज्ञान, बैज्ञानिकले गर्दा आज मानिसहरु चन्द्रमा मा पुग्न सक्ने अवस्था र हरेक ग्रहहरुलाइ खिजतलास गर्न सक्ने देखि लिएर आज हरेक क्षेत्रमा आज पढेर होस् , गरेर होस् , त्यो पहिचान गर्ने क्षमता नै ज्ञान, बिज्ञान हो भन्ने जस्तो मलाई लाग्दछ । आज कतिपयले पढेर र ज्ञान प्राविधि हासिल गरेका छन् भने कसैले गरेर हासिल गरेका छन् । आज यो भवन पनि मान्छेले गरेर निर्माण भाका छन भने भने कतिपयले पढेर डिजाईन बनाएर ज्ञान, सिप र प्राविधिकको उपभोग गरेको अवस्था छ । त्यसले गर्दा खेरी पनि आज हामीले यो विधेयक मार्फतबाट पारित गर्यौं भने

निश्चय पनि हाम्रो गण्डकी प्रदेशले पनि आर्थिक बृद्धि र विकासको उन्नति तिर जान सक्छ की जस्तो मलाई लाग्छ । त्यसकारणले यसको आफ्नै महत्व छ भन्ने मलाई लाग्दछ । बिशेष गरेर मैले अरु धेरै कुराहरु म ब्याख्या गर्न भन्दा पनि यस हाम्रो विधेयकमा जस्तो दश पेज र चौबिस ओटा बुँदामा जसरी यो हाम्रो विधेयक आएको छ । यस बुंदा नम्बर ६को बिषय मैले थोरै कुरा जोड्न चाहें । प्रतिष्ठानको काम, कर्तब्य र अधिकारको सम्बन्धमा (घ) मा गण्डकी प्रदेशको रैथाने प्रविधि तथा परम्परा सिप, बिज्ञान, प्राकृतिक श्रोत साधनको विस्तार र उपभोग कार्यलाई प्रथामिकता दिने भनिएको छ । र वास्तबमा यो प्रथामिकता दिनु भनेको मैले अघि नै भने जस्तै पढेका र गरेका पनि प्रथामिकता दिन पर्ने हो कि? भन्ने जस्तो मलाई लाग्छ । तर यहाँ कता कता त्यो नभएको हो कि भन्ने मलाई भान हुन गएको छ । त्यसकारणले त्यसको लागि पनि बिचार गर्न पर्छ भन्ने मलाई लाग्दछ । परिच्छेद (३) मा कार्यकारी परिषद् गठन परिषदको सर्बोच्चतम निकायको रुपमा हुनेछ भनिएको छ तर त्यसमा ज्ञान, सिप, प्रविधि भएको समुदायको यो परिषदको नौ जना समितिमा नहुनु भनेको यो लक्षित समुदायप्रति अपमान हो कि भन्ने पनि मलाई लाग्दछ । किन भने यो नौ जनाको समितिमा त्यस्तो खालको केही पनि देखिएको अवस्थाहरु छैन । र समितिको सदस्यले सेवा सुबिधाको सम्बन्धमा परिषदको सम्बन्धमा जसरी कार्यकारी निर्देशकले जसरी सेवा सुबिधा पाउने ।उनिहरुले कुनै पनि सेवा सुबिधा नपाउने बैठक भत्ता मात्रै भनिएको छ । यसमा वास्तबमा साच्चै नै हामीले विधेयक पास गरेर हामीले यो प्रदेशलाई बिज्ञान र प्रविधिको क्षेत्रमा अनुसन्धान काम गर्ने हो भने उनिहरुलाई पनि सेवा सुबिधा दिएर हामीले जति समय उनिहरुलाई जति सक्दो अवधि हुन्छ । त्यो बेला सम्म हामीले राम्रो सँग काम लगाएर उनिहरुलाई पनि सेवा सुबिधा दिन सकियो भने बल्ल हामीले यो विधेयकबाट पारित गरेको सार्थक हुन्छ भन्ने मलाई लाग्दछ । र अर्को कुरा परिषदको निर्णय प्रमाणित गर्ने सम्बन्धमा यसमा भनिएको रहेछ, कार्यकारी निर्देशकले मात्रै प्रमाणित गरीएको भनिएको रैछ । त्यसकारणले किन भन्दा यसमा अध्यक्ष समेत २ जनाले यसको प्रमाणित गर्यो भने कमसकम यसको वास्तबिकता सत्य तथ्य के हो भन्दा किन

भने कार्यकारी निर्देशकले मात्रै गर्दा खेरीमा कहिले कहिले तल माथी हुन सक्ने भएको कारणले यसमा अध्यक्षले पनि प्रमाणित गर्दा खेरीमा उपयुक्त हुन्छ भन्ने मलाई लाग्दछ । परिषद्को पदाधिकारीको पदाधिकारी कार्यकारी निर्देशकको चार वर्ष, अन्य सदस्यहरुको दुई वर्ष भनिएको छ र यो दुई वर्ष र चार वर्ष किन यसलाई बिभेद गरीएको कि यसलाई चार वर्ष अथवा कार्यकारी निर्देशकको पनि की दुई वर्ष हुनु पर्थ्यो होला । र सदस्यको र यो कार्यकारीको चार बर्ष र दुई बर्ष यसलाई समान हुन पर्छ भन्ने मलाई लाग्छ । त्यसकारणले पनि यसलाई कि दुई बर्षको सबैको हुन पर्यो होइन भने चार वर्षको हुन पर्छ भन्ने मलाई लाग्दछ । यो कुरा मैले यहाँ राख्न चाहे । र अर्को जुन यो समिति छ नौ जनाको समिति रहेको छ । यसमा तिन जना महिला भनेर यहाँ थपिएको छ ।तर यसमा मैले अघि नै भनिसके कि यो देशमा पढेका र गरेका ज्ञान र सिप प्राविधि भएका ब्याक्तिहरु पनि छन् । एउटा उदाहरणका लागि भनम हाम्रो यही गण्डकी प्रदेशको तनहुं जिल्लाको ढोरमा त्यहाँका दलितहरुले फलाम खानी पत्ता लगाएर त्यहाँको एउटा झोलुङ्गे पुल बनाएको अवस्थाहरु छ । त्यसकारणले ज्ञान, सिप प्रविधि भनेको गर्ने मान्छेसँग पनि हुन्छ । त्यसकारणले यो समिति नौ जना पटक पटक भन्दै आएको छु र अनुरोध गर्दै आएको सदनमा अहिले सम्म कुनै पनि समितिमा लक्षित वर्ग र दलित समुदाय महिला तिन जना भनिएको छ महिलाहरु हुनु प्रति मेरो कुनै आपत्ति छैन उहाँहरुलाई सम्मान गर्न चाहान्छु । तर दलित समुदायको यो ज्ञान र सिप प्राविधिकमा दलितहरु पनि महत्वपुर्ण ज्ञान, सिप र अनुभव भएको समुदाय भएको कारणले त्यसलाई पनि ती समुदायलाई पनि समावेश गरीयोस भन्ने पनि म आग्रह र अनुरोध गर्न चाहान्छु । र अर्को कुरा अहिलेसम्म हाम्रो सदनको प्रचलान् अनुसार हाम्रा सदनमा विधेयकहरु टेबल भए पछि सिधै सामान्य छलफल पछि बिधायन समितिमा पठाउने प्रचलन हामीले गर्या छम । तर म के आग्रह गर्न चाहान्छु भने हामीले अरु प्रदेशको पनि हेरेम । संघको पनि हामीले त्यो केही कुराहरु हामीले बुझ्यौं । त्यो बुझ्दा खेरीमा जुन विधेयक सम्बन्धित समितिसँग सरोकार छ त्यसकारणले सिधै सम्बन्धित समितिमा छलफलको लागि र सरोकरवला सँग छलफल गरेर विधेयकहरु

पास गर्न सकियो भने यसले अझै वास्तबमा हामीले कतिपय विधेयकहरु पास गरीसकेपछि फेरि हामीले संशोधन गर्न पर्नी त्यसलाई छलफल गर्न पर्नी अवस्थाहरु भाका कारणले आगामी दिनमा कमसकम ब्यापक छलफल गरेर बिधानहरु पास होस् भन्ने अनुरोध गर्दै आफ्ना भनाई अन्त्य गर्छु, धन्यवाद । जय नेपाल ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय हरिशरण आचार्य

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सरकारले बिशेष गरी बिज्ञान तथा प्रविधिको क्षेत्रमा अरु सिप र अनुभवलाई सम्मान गर्ने योजनाका साथ त्यसलाई विकास र अरु थप प्रबर्द्धन गर्नका निमित्त जुन योजना बनाएर एउटा कानून अथवा ऐन एउटा निर्माण गर्ने योजनाका साथ निर्माण गर्दै गरेको यो प्रस्तावित विधेयक गण्डकी प्रदेश बिज्ञान प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न लागि बनाईएको यो विधेयक आज हामी छलफल गर्दै जाँदा खेरी हामीलाई विश्वका सबै मुलुकहरु जसरी बिज्ञान र प्रविधिको क्षेत्रमा विकास गरीराखेका छन् । तर नेपाल तिनीहरुको दाँजोमा धेरै पछाडी रहेको कुरा पूर्वबक्ता माननीयज्यूहरुले ब्याख्या गरीसक्नु भएको छ । मैले यतापट्टी जान चाहान्न । तर बिशेष गरी हामी यो गण्डकी प्रदेशलाई बिज्ञान र प्रविधिको क्षेत्रमा अथवा यो गण्डकी प्रदेशसँग बिभिन्न प्रकारका बैज्ञानिक चरित्र बोकेका धेरै स्थानहरु छन् ।धेरै बिषय बस्तुहरु छन् । र त्यसलाई अनुसन्धान गर्ने र त्यसलाई एउटा प्रकृयामा लिएर गएर फेरि गण्डकी प्रदेशलाई बिज्ञान र प्रविधिको क्षेत्रमा पनि सक्षम प्रदेश बनाउने योजना सायद हामी सबैको एउटा साझा लक्ष्य र उद्देश्य छ । र त्यो उद्देश्यलाई प्राप्त गर्नका लागि आज यो विधेयक आउँदा हामी हर्षित पनि छौं, खुशि पनि छौं र यसलाई एउटा विधि सम्बत ढङ्गले अगाडि बढाउने योजना सरकारले बनाएको छ । आज मैले यसको पक्षहरुमा धेरै छलफल नगरीकन बिशेष गरी यसको नियुक्तिका प्रसङ्गहरु अनि यो विधेयकले बोलेका कतिपय जो कार्यकारी निर्देशक देखि लिएर सदस्यहरुको नियुक्तिका बिषय बस्तुहरु यो सबै बिधिमा हामीले, मैले पटक पटक भन्ने गरेको छु,

सरकारसँग पनि मैले राख्ने गरेको छु कि हामीले नियुक्ति गर्ने हरेक सदस्यहरु, हामीले नियुक्ति गर्ने हरेक ब्याक्तिहरु पारदर्शी अथवा प्रतिस्पर्धात्मक ढङ्गले हामीले लिएर जान सक्छौ की सक्दैनौ ? अबको मुलुकमा हामीले बिज्ञानको, प्रबिधिको क्षेत्रमा हामीले त्यसलाई प्रतिस्पर्धात्मक ढङ्गले गयौं भने त्यो क्षमता पनि प्रतिस्पर्धात्मक ढङ्गले आउँछ यो बिधिलाई विकास गर्नका निमित म आग्रह गर्न चाहान्छु । सक्छौ कि सक्दैनौ ? अबको मुलुकमा हामीले बिज्ञानको, प्रबिधिको क्षेत्रमा हामीले त्यसलाई प्रतिस्पर्धात्मक ढङ्गले गयौं भने त्यो क्षमता पनि प्रतिस्पर्धात्मक ढङ्गले आउँछ यो बिधिलाई विकास गर्नका निमित म आग्रह गर्न चाहान्छु । र अर्को कुरा त्यहीँ नेर हामी त्यो सम्बन्धित सदस्य अथवा सम्बन्धित ब्याक्ति उसका नैतिक आचरण, उसका राज्यले अथवा न्युनतम उसले पालना गर्नुपर्ने एउटा आदर्श मूल्य मान्यता उ भित्र हुनु पर्छ कि पर्दैन भन्ने कुरालाई पनि हामीले साच्चै त्यो चिजमा, त्यो ठाउँमा अभिब्यक्त गर्न जरुरी छ । यो गरीयो भने सायद हामीले पारदर्शी बनाउन पनि सक्छौं, हामीले नैतिकवान पनि बनाउन सक्छौं र फेरि बिज्ञान र प्रविधिको क्षेत्रमा सबै मान्छेहरुलाई सहभागी गराएर एउटा यो मुलुकलाई नै पारदर्शी र सुशासनको एउटा दिशामा अगाडि बढाउने एउटा नयाँ बिधिको पनि खोजी गर्न सक्छौं मलाई यो बिषय बस्तु लागिराखेको छ । आज यो अनुसन्धान बृत्ति दिने या नदिने, कसलाई दिने कसरी दिने भन्ने बिषय बस्तुहरु पनि हामी बिदेसमा धेरै छात्रबृति पाउनेहरु, नेपालका मान्छेहरु बाहिर गएर छात्रबृति पाएर पढ्ने गर्ने गरेका छन् । अनि अब त्यहाँ अनुसन्धान गर्न पनि गएका छन् । तर नेपालको हकमा के छ भने हाम्रा धेरै बिज्ञानको क्षेत्रमा दखखल राख्ने मान्छेहरु आज बिदेसमा छन् । ति मान्छेहरुलाई यही ल्याएर यही ठाउँमा फेरि अर्को बैज्ञानिकको रुपमा विकास गर्ने अनि बिधि र र प्रविधिको क्षेत्रमा अनुसन्धान गर्ने ती ब्याक्तिहरुलाई हामीले यँही जो अनुसन्धान बृतिको एउता बिषय बस्तुबाट प्रेरित गर्न सकिन्छ भने त्यो बिषयबस्तु पनि यो सुखद पक्ष छ मैले त्यो अनुभूत गरीराखेको छु । तर त्यसमा बिदेशीहरुलाइ प्रायोरितीमा राख्ने या हामीले नेपालीहरुलाई प्रायोरिटीमा राख्ने भन्ने बिषय बस्तुहरु अलिकति हामीले त्यसलाई क्लियर गर्न जरुरी छ जस्तो लाग्छ । मैले त्यो

बिषय बस्तुहरु हामीले जतिबेला सम्म त्यसको बारेमा प्रष्ट धारना हामीले बनाउन सक्दैनौं, हामी नेपालीहरुको कस्तो खालको बिधि र त्यो प्रविधिमा दख्खल छ, उसको बिज्ञानमा कहाँ नेर दख्खल छ भन्नेको त्यसको अनुसन्धान गर्नका निमित्त कम्तिमा त्यो बिषय बस्तुलाई नेपालीहरुलाई प्रायोरिटिमा राख्ने गरेर अगाडि जानु पर्छ । किन भने हाम्रा धेरै बिज्ञानमा, प्रविधिमा दख्खल राख्ने कयौं बिज्ञहरु आज बिदेशमा छन् । ति सबैलाई एकपटक नेपाली हुँ भन्ने गर्व हुने खालको एउटा परिस्थिती बदल्नका निमित्तआगामी दिनमा आफ्नो भूमिका निर्वहा गरोस म आग्रह गर्न चाहान्छु । धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री प्रभा कोइरला लाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय प्रभा कोइराला

सभामुख महोदय, आज म यो सम्मानित सभामा गण्डकी प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री माननीय विकास लम्साल ज्यूले २०७६/१०/७ गते प्रस्तुत गर्नु भएको विधेयक गण्डकी प्रदेश बिज्ञान, प्रविधि प्रतिष्ठान स्थापना र संचाल गर्न बनेको विधेयक
अवलम्बन गरेर आर्थिक औद्योगिकिकरणमा सम्पुर्ण शक्ती केन्द्रीत गर्दै त्यसलाई चाहिने माबव श्रम र शक्ति निर्माण गरे फलस्वरुप छोटो समयमा कोरियाले विश्वको आर्थिक मानचित्रमा आफुलाई शसक्त रुपमा समरित गर्न सफल भएको हामीले हेरिरहेका छौं । सभामुख महोदय, हाम्रो उत्तरी छिमेकी चिनको त कति कुरा गर्नु, बिज्ञान प्रविधिकै कारण आज विश्वकै आर्थिक महाशक्तिवान बनेको छ । यी विकसित मुलुकका अवस्था अध्ययन र अनुगमनमा हामी पनि पछाडी छैनौं र अबका दिनमा हामीले पनि देश र जनताका आवश्यकता अनुसारका कानूनहरु बनाई कार्यान्वयन मै जानै पर्ने आवश्यकता महसुस गरी यो बिज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना संचालन सम्बन्धि विधेयक समय अनुकूल आएको छ । हामी लामो समय अस्थिरतामा रहनु बाध्यात्मक अवस्थाहरु थिए । स्थायी सरकार नभएकै कारण यी ठुला बिपत्तिहरु देशवासीहरुले सहन गर्नु बाध्य हुनु परेको थियो । अब देशमा संघीयता आएको छ । यसलाई बलियो बनाई आवश्यकता अनुसारका ऐन, कानूनहरु बनाएर देशमै जनशक्ति उत्पादन गरी बेरोजगारको चपेटामा

परेको ठुलो र दक्ष युवा शक्तिलाई ब्यवस्थित र रोजगारमुलक बनाउन शिक्षालाई राष्ट्रको समृद्धिको महान अभियानमा समाहित गराउन अब बैज्ञानिक तथा प्राविधिक शिक्षामा जोड दिँदै बैज्ञानिकहरुको सिप र ज्ञान विकास सँग सम्बन्धित हुन्छ । र विकास समृद्धि सँग जोडिएको हुन्छ । त्यसैले त्यस्तो सिप र ज्ञानको हस्तान्तरण गर्दै जनान जरुरी छ । त्यसकारण पनि यो विधेयकको छुट्टै महत्व छ । सभामुख महोदय, अध्ययन अनुसन्धान आविष्कारका लागि बिज्ञान प्रविधि प्रतिष्ठान स्थापना नीति गत कानून र संरचना गत प्रबन्धलाई मिलाई प्राविधिक क्षेत्रको ब्यबाहारिक तथा उपयोगी अध्ययन, अनुसन्धान र आविष्कारका लागि सहज र सरल बनाउन यो विधेयकले कोसेढुङ्गा सावित गर्ने छ भन्ने महसुस गरेकी छु । सैघीय लोकतान्त्रीक गणतन्त्रको जगमा राष्ट्रको द्रुत आर्थिक विकास र औद्योगिकरणको लागि राज्यले बैज्ञानिक तथा प्राविधिक शिक्षा नीतिमा बिशेष जोड दिनु पर्छ । शिक्षालयको संरचनागत सुधार गर्दै उत्पादनमुलक दक्ष जनशक्ती उत्पादन, अनुसन्धान तथा प्रविधि विकासमा अबको शिक्षा प्रणाली केन्द्रीत गर्नु पर्छ र हामीले चाहेको जस्तो समृद्धिको फड्को मार्न सकिन्छ भन्ने महशुस र आवश्यकता अनुसार यो विधेयक गण्डकी प्रदेश सरकारले ल्याएको छ । सरकारलाई हार्दिक धन्यवाद दिँदै म र मेरो पार्टी नेपाल कम्युनिष्ट पार्टी नेकपाको तर्फबात पूर्ण समर्थन गर्दै बिदा हुन्छु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री मिना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मिना गुरुङ

माननीय सभामुख ज्यू, मौलिक प्रविधिको जगेर्ना गर्दै बिज्ञान प्रविधिको विकास मार्फत प्रदेशको विकासमा टेवा पुर्याउन हाम्रो गण्डकी प्रदेश सभाले बनाउन लागेको गण्डकी प्रदेश बिज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन २०७६ ज्यादै समय सापेक्ष, महत्वपुर्न तथा अपरिहार्य बिषय आएको छ । माननीय सभामुखज्यू, आजको युग बिज्ञान तथा प्रविधिकै युग हो र हरेक प्राकृतिक तत्वभित्र बिज्ञान निहित हुन्छ । बिज्ञान एउटा ज्ञान हो । प्रविधि त्यो ज्ञानलाई कार्यान्वयन गर्ने माध्यम हो । बिज्ञान र प्रविधि बिना विकास

सम्भव हुन सक्दैन । र संसारमा बिज्ञान र प्रविधि कै कारणले मानव विकासमा बबोधपुर्ण क्रान्ति पनि आएको छ । यो आर्थिक समृद्धिको आधार पनि हो । मुलुकको सामाजिक आर्थिक विकासमा अहम भूमिका निर्वहा गरेको यस बिज्ञान तथा प्रविधिको समुचित विकासले नै गरीबी निवारण, कृषि ब्याबसायमा आधुनिकिकरण गरी जनताको जीवन स्तर माथी उकास्न, रोजगारी सिर्जना गर्न, वातावरणिय विनासलाई रोक्न जस्ता बिभिन्न महत्वपुर्ण भूमिकामा हामी सफल हुन सक्छौ । माननीय सभामुख महोदय, विश्वका विकसित देशहरुको आर्थिक विकासको प्रमुख आधार विश्वबिद्यालयको अनुसन्धानबाट प्रविधि विकास र प्रविधिलाई ब्यापारिक नै भएको कुरामा दुईमत छैन । स्मार्ट फोन, दैनिक इन्टरनेट, गुगल, फेसबुक आदि कुनै बेला विश्वबिद्यालयका प्रध्यापक, बिद्यार्थीको अथक अनुसन्धानको प्रतिफल हो। जसको कारणले आज विकसित राष्ट्रहरु तिब्र विकासको गतिमा अघि बढिरहेको छ । संघीय सरकारले पनि आर्थिक बर्ष २०७५/७६ मा शिक्षा बिज्ञान तथा प्रविधि तर्फ एक खरब चौंतिस अरब सतासि लाख रुपैंया रकम विनियोजन गरेको छ । यो बजेट गत बर्षको भन्दा आठ अरब बढी हो । र सरकारले लामो समय देखि बिज्ञान तथ प्रविधिलाई प्राथामिकता दिएको कुरामा हामी अवगात त भयौं । तर ठोस् नीति नियम तथा कार्यक्रम गर्न नसक्दा योजनाहरु कागजमा सिमित हुने गरेको पनि देखिन्छ । तसर्थ यस्ता बिषयमा हाम्रो गण्डकी प्रदेशले सचेत भएर बिध्येक बनिसके पछि यसका कार्यान्वयनमा आफ्नो महत्वपुर्ण भूमिका निर्वाह गर्नु पर्दछ । अपर्याप्त बजेट, प्रयोगात्मक शिक्षाको कमि, स्तरिय प्रयोगशाला र अनुसन्धान केन्द्रको अभाव जस्ता बिभिन्न समस्याका कारण हामी पछि पर्न नपरोस् । प्रविधिको ब्यापकता बढाउन, शुसाशन कायम गन नेपालको बिज्ञान तथा प्रविधिको प्रयोग नयाँ-नयाँ क्षेत्रमा बढाउन, अनुसन्धानलाई अझ बढी प्राथमिकता दिनु पर्छ । अन्त्यमा माननीय सभामुखज्यू, हाम्रो प्रदेशमा रहेको प्राकृतिक स्रोत र साधनहरुको दिगो रुपमा उपयोग गरी जनताको आर्थिक स्तर बृद्धिमा सहयोग गर्न, बैज्ञानिक संस्कार र अनुसन्धान मुखि शिक्षा प्रदान गर्न, विकास र सेवा प्रवाह सँग सम्बन्धित कार्यहरु बिज्ञान प्रविधि सँग आवद्ध गर्न जस्ता उद्देश्य सहित बन्न लागेको यो विधेयक अति समय अनुकूल छ ।

अपरिहार्य बिषय हो । र यसमा मेरो र मेरो दलको पुर्ण समर्थन रहेको जानकारी गराउँदै म बिदा हुन्छु, हस्त, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य अब म माननीय उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमती दिन्छु ।

## माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्साल

माननीय सभामुख महोदय, बिज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकको सम्बन्धमा माननीय सदस्यहरुले सैद्धान्तिक छलफलमा अत्यन्तै महत्वपुर्ण भनाईहरु, सुझावहरु राख्नु भको छ । जम्मा पाँच जना माननीय सदस्यहरुले यो सैद्धान्तिक छलफलमा सहभागी हुनुभएको छ । माननीय दिपक कोइराला धेरै यो विधेयकको सैद्धान्तिक पक्षको बारेमा राम्रो सँग चर्चा भको छ। यसको आवश्यकताको बारेमा र माननीय दोवाटे बिश्वकर्माले यसको जुन दफवार छलफलका कुराहरुलाई उठाउनु भाको छ । म आज दफावार छलफलमा भन्दा पनि सैद्धन्तिक कुराहरुलाई नै म जोड्न चाहान्छु । र माननीय हरिशरण आचार्य पनि अब यो विधेयकको बारेमा यसको आवश्यकता र यसको अब कार्यकारिणीको नियुक्ति र सदस्यहरुको नियुक्तीमा पारदर्शी होस् भन्ने कुरा उठाउनु भको छ । र माननीय प्रभा कोईरालाले पनि यो यसको आवश्यकता महसुस गरी सरकारले ल्याएकोमा महत्वपुर्ण सुझाव दिनु भको छ ।र माननीय मिना गुरुङले पनि यो उठाउनु भको छ । माननीय सभामुख महोदय, अहिले हामीले संविधानले ब्यवस्था गरे अनुसार तिन तहका सरकारहरु बनिसकेपछि र यो अनुसूचिमा हाम्रो प्रदेशलाई यसको बारेमा पनि अधिकार दिएको छ । हामीले अहिले केही यो बिज्ञान र प्रविधिको क्षेत्रमा केही नयाँ काम गर्न खोज्यौं ।प्रदेश सरकारले पनि बजेट विनियोजन गर्यो । अहिले हामीले एउटा ल्यावसम्म पनि हाम्रो स्थापना छैन । र यो काम गर्नका पहिला यो विधेयक आवश्यक छ भनेर हामीले यो विधेयक यो संविधानको अनुसूचिमा तोकिएको कुरालाई र यसको अवश्यकतालाई ठानेर हामीले यो विधेयक ल्याएका छौं । र यो अहिले माथी संघीय सरकारले पनि यो राष्ट्रिय यो संघीय सरकार माथी यो शिक्षा मन्त्रालयबाट राष्ट्रिय बिज्ञान प्रविधि तथा नवप्रवर्द्धन नीति भनेर

अहिले भर्खरै नीति छ र माथी पनि यसको ब्यापक छलफल भको छ र प्रदेशमा पनि हामीले जुन महशुस गरेर यो विधेयक हामीले ल्याएका छौं । यसले हामीलाई बजेट कार्यान्वयनमा पनि यो अति आवश्यक भएको छ । हामीले यस बारेमा धेरै छलफल गर्यौं । यस क्षेत्रका पन्ध्र जना भन्दा बढी बैज्ञानिकहरुलाई बोलाएर विश्वमा छरिएर रहेका बैज्ञानिकहरुलाई बोलाएर हामी गण्डकी प्रदेशमा यो एउटा बिज्ञान र प्रविधिको क्षेत्रमा आधारभूत तह बाटै स्कुल स्कलबाटै कसरी यो बिज्ञान र प्रविधिको पढाईलाई अलि प्रभावकारी बनाउने र हामीले यस सम्बन्धि ल्यावहरुको कसरी स्थापना गर्ने र रिसर्च यो एउटा ब्रेन्डेड भएको जनशक्तिलाई पनि कसरी आफ्नो देशमा ल्याउन सकिन्छ र बिशेष गरी आफ्नो प्रदेशमा लिएर आएर यो बिज्ञान र प्रविधि क्षेत्रको विकास गर्न सकिन्छ भनेर हामीले ब्यापक छलफल गरेर यो विधेयक हामीले ल्याएका छौं । माननीय सदस्यहरुले यसको सबै कुरा संविधान संवत हिसाबले र यसको आवश्यकताको हिसावले र यसमा लाग्ने खर्चको हिसावले सबै हिसाबले पनि यो अत्यन्तै यो नभए सम्म हामीले समृद्धि र समृद्ध नेपाल र सुखी नेपाली बनाउन सम्भव छैन । जहिले सम्म हामी यो हाम्रो यो बिज्ञान र प्रविधिलाई हामी प्रयोग गर्न सक्दैनौ, यसको हामीले उपयोग गर्न सक्दैनौ, यसलाई ब्यवस्थित गर्न सक्दैनौ त्यो बाट हामी अल्पविकसित मुलुकबाट विकसित देशमा जान सक्दैनौ । त्यो आवश्यकता महसुस गरेर त्यसमा अहिले अब माथी पनि यो बिषय अलि स्याडो मै परेको बिषय छ बिज्ञान प्रविधिको । तर हामीले यो मुलुकको नयाँ संविधान सँगै तिन तहमा जुन सरकारहरु बनेका छन् । त्यसमा गण्डकी प्रदेश सरकारले अरु सात ओटा प्रदेशमा भन्दा हामीले यो  बिज्ञान र प्रविधिलाई पहिलो प्रथामिकतामा राखेर यो विधेयक हामीले ल्याएका छौं । र यसबाट हामीले विकास र समृद्धिको लागि यो ब्रेन्डेड भएको जनशक्तिलाई पनि यहाँ ल्याउनका लागि यो बिज्ञान र प्रविधिको प्रयोग गरेर अगाडि बढ्नका लागि यो विधेयक महत्वपुर्ण सावित हुनेछ । यसमा माननीय सदस्यहरुले पनि त्यो महशुस गर्नु भाछ । माननीय दोवाटे बिश्वकर्माले जतिपनी कुराहरु उठाउनु भाछ, हामीले यसमा के छ भन्दा खेरि विगतमा संरचनाहरु बनाउनी ती खर्चिला हुने, तिनले काम नगर्ने तिनैलाई सेवा र सुविधामा मात्रै संरचनाहरु

बन्ने त्यस्तो नहोस् । अब एउटा बिज्ञान र प्रविधि एउटा दक्ष बैज्ञानिक प्रतिस्पर्धात्मक हिसाबले हामी यसमा ल्याउन सकियोस् ।अरु यसको समितिहरु हामीले बिभिन्न हिसाबले प्रतिनिधित्व गराउन सकियोस् । र अरु सेवा खरिद गर्ने र कुनै पनि बिषयको रिसर्च गर्नु छ भने त्यो बैज्ञानिकले प्रस्ताव मागेर त्यसमा जति पैसा लाग्छ त्यो हिसाबले चलाउने एउटा नयाँ मोडलका साथ आज विकसित देशहरुले जसरी दक्ष जनशक्तिहरुको प्रयोग गरे त्यसरी नै हामीले यो नयाँ मोडलमा जाउँ । त्यसमा स्थायी कर्मचारीहरु राखे, जागिर खाने तर त्यहाँ काम नगर्ने जुन हाम्रो सरकारी संयन्त्रमा समस्या छ, त्यो यसमा नआओस् भनेर हामी यसमा धेरै नै मेहनत गरेका छौं । माननीय सदस्यहरुले यसलाई अझ बुँदागत रुपमा यो शीलशीलेवार दफावार छलफलमा ती कुराहरु गरौंला । त्यसमा अब समावेशी प्रतिनिधित्व गराउनु पर्ने कुरालाई पनि हामीले सकेसम्म मनन् गरेका छौं । तर त्यहाँ दक्ष र हिजोका पनि अनुभवी दक्ष जनशक्तिलाई पनि हामी अहिलेको नयाँ टेक्नोलोजीसँग जोड्ने कुरालाई पनि विधेयकमा हामी ल्याउन खोजेका छौं । ती अझ बुँदा गत रुपमा हामी छलफल गरौंला । मैले माननीय हरिशरण आचार्यले भने जस्तो हामी कुनै पनि हालतमा यसमा कुनै त्यस्तो प्रभाव पर्ने छैन । यो एकदमै प्रतिस्पर्धात्मक सक्षम र अहिले दुनिया संसार सँग कम्पिटिसन गर्न सक्ने बिज्ञान र प्रविधिलाई पनि हाम्रो देशमा बसेर त्यसलाई लिडिङ गर्न सक्ने ब्याक्तित्व नै हामी यो कार्यकारिणिमा ल्याउने छौं । त्यसमा कुनै शङ्का नगर्दा हुन्छ माननीय सदस्यहरुले । यसको बारेमा अझ हामी धेरै ब्यापक छलफल यो बिषय भनेको बिज्ञान र प्रविधि भनेको यो अलि नयाँ प्रविधि नयाँ टेक्नोलोजीसँग पनि जोडिएको बिषय हो । यसमा हामी अझ धेरै छलफल गरेर माननीय सदस्यहरुले यसमा धेरै इन्पुट दिनु हुने छ । आज पनि धेरै महत्वपूर्ण भनाईहरु आएका छन् । अहिले हामीले पनि यो बिषय अब अरु बिषयहरु जस्तो बिगतमा भन्दा यो अलि नयाँ र हाम्रो अलिकति राज्यले पनि यसमा इम्प्यासी दिन नसकेको अहिलेसम्म हाम्रो हेर्नु हुन्छ भने वास्तबमा बिगतमा नेपाल सरकारले यसमा कुलडिजीपिको ०.३५ प्रतिसत मात्र बिज्ञान प्रविधिको क्षेत्रमा खर्च गरेको छ । यसलाई हामी बढाउन पर्छ । जहिले सम्म हामी यसलाई बढाउँदैनौ हामी

त्यो विकास र समृद्धि हामीले प्राप्त गर्न सक्दैनौ। समृद्ध नेपाल र शुखी नेपाली बनाउन सक्दैनौं । यसलाई कसरी बढाउने? बढाउन त हामीसँग संरचनाहरु चाहिए नी त । बढाउन त हामीसँग नीति चाहियो, ऐन चाहियो अनि अब नियामवली चाहियो । अनि त्यसपछि हामी यसमा काम गर्न पर्यो । अनि बल्ल त बजेट खर्च हुन्छ । त्यो बढाउन नसक्नु भनेको यसमा हाम्रो ध्यान जान नसकेको कुरा सरकारले पनि प्रदेश सरकारले महशुस गरेको छ । र आज सैद्धान्तिक बिषयमा म यति नै कुरा राख्न चाहान्छु । माननीय सदस्यहरुले यो बिषयमा अझ धेरै हेरेर, अझ धेरै अध्ययन गरेर दफवार छलफलमा हामी यसलाइ ब्यापक छलफल गरौंला । यो अब बिधायन समितिमा पठाउने, अवथा सम्बन्धित समितिमा पठाउने, यो संसदको कुरा हो ।संसदले जे गर्छ त्यही समितिमा लगेर हामी यो छलफल गरौला । यो सरकारको कुरा भन्दा पनि कसरी जाने भन्ने कुरा यो यहाँहरुकै यो संसदकै कुरा हो । त्यसमा त्यही हिसाबले जाओस् । र................................................... नबुज्झिएको ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु अब यो छलफल यही समाप्त हुन्छ । माननीय सदस्यहरु अब म माननीय उद्योग, पर्यतन, वन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई मिति २०७६ साल माघ ७ गते सभामा प्रस्तुत भैइ सामान्य छलफल समेत भएको गण्डकी प्रदेश बिज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाईयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु।

## माननीय उद्योग, पर्यतन, वन तथा वातावरण मन्त्री विकास लम्साल

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ माघ ७ गते सभामा प्रस्तुत भएको र मिति २०७६ माघ १२ गते सभामा बिचार गरीयोस् भन्ने प्रस्ताव प्रस्तुत भै सामान्य छलफल समेत भएको गण्डकी प्रदेश बिज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम (१) को (ख) बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाईयोस भनी प्रस्ताव प्रस्तुत गर्दछु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने मननीय सदस्यहरुले हुन्छभन्नु होला । र यसको बिपक्षमा हुने माननीय सदस्यहरुले हुन्नभन्नु होला । यो प्रस्तावको पक्षमा हुने मननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको बिपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न न्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेश बिज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाईयोस भन्ने प्रस्ताब सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु । विधेयकमा संशोधन पेश गर्न चाहानु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश प्रदेश सभा नियमवली नियम ११० बमोजिम बहत्तर घण्टा भित्र आफुले पेस गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुने छ । उक्त विधेयक संशोधनको समयावधि समाप्त भए पछि मात्र विधायन समितिमा छलफलमा प्रारम्भ हुने ब्यहोरा जानकारी गराउँछु ।

**माननीय सदस्यहरु अब यो बैठक २०७६ साल माघ १३ गते दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।**